# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८२/०८३
सूचना नं.

## सेवा करारमा कर्मचारी पदपूर्त्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/२२

बैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सिद्धलेक गाउँपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन हुन लागिरहेको हुँदा यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, बैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दामा सहयोग तथा सहजिकरण, मनोसामाजिक परामर्श सेवा मार्फत बैदेशिक रोजगारका साथै समुदायमा मानसिक समस्यामा परेका व्यक्तिहरुको पहिचान गरी सचेतिकरण कार्यक्रम संचालन गर्नका लागि निम्न जनशक्तिको आवश्यकता परेको हुनाले योग्यता पुगेका ईच्छुक सिद्धलेक गाउँपालिकामा स्थायी वसोवास भएका नेपाली नागरिकहरुबाट उल्लेखित पदका लागि प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा यस गाउँपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १. | ०१-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (स्तानीय सेवाको सहायक पाँचौ तह सरह) | १ (एक) जना |
| २. | ०२-२०८२/०८३ | रिटर्नी स्वयंसेवक | २ (दुई) जना (१ महिला र १ पुरुष) |

### १. आवश्यक न्यूनतम योग्यता र अनुभव

**क) मनोसामाजिक परामर्शकर्ताको लागि**

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र (NHTC) बाट प्रमाणपत्र लिएकोलाई बिशेष प्राथमिकता दिईने छ ।
- कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव ( Word , Excel, Power Point, Email, Internet आदि चलाउन सक्ने ) र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।

**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**

कम्तिमा प्रविणता प्रमाण पत्र तह वा १० + २ वा सो सरह उतिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (NHTC) बाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम व्यवस्थापन प्रणालीमा सूचिकृत भएको हुनु पर्नेछ ।

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

पत्र सङ्ख्याः २०८२/०८३
सूचना नं.

**ख) रिटर्नी स्वयंसेवकको लागि**

- न्यूनतम् कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।
- सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

**२. कार्य अवधिः** आ. व. २०८२/०८३, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

**३. दरखास्त दिने स्थानः** सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङ।

**४. दरखास्त दिने अन्तिम मितिः** २०८२/०५/०५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ, आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

**५. आवेदनको दस्तुरः** मनोसामाजिक परामर्शकर्ताको रु ७००।- (सात सय मात्र) र रिटर्नी स्वयंसेवकको रु ५००।- (पाँच सय मात्र)

**६. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरु

- नागरिकताको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
- मनोसामाजिक परामर्शको तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि
- अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

**७. छनौटको प्रक्रियाः** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित तथा अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ। रिटर्नी स्वयंसेवकको हकमा अन्तरवार्ता मात्रै हुने छ।

**८. सेवा सुविधा तथा अन्यः** मनोसामाजिक परामर्शकर्ताको हकमा सहायक स्तर पाँचौको शुरु स्केल तलव र रिटर्नी स्वयंसेवकको हकमा नेपाल सरकारले निर्धारण गरेको न्यूनतक पारिश्रमिक।

**९. परिक्षा मितिः** आवेदनको म्याद समाप्त भएपछि तोकिनेछ।

४।२२